"कृषि, पर्यटन र पूर्वाधार; स्वच्छ समृद्ध बेनी नगरको मूल आधार"

# बेनी नगरपालिकाको एघारौं नगरसभाको निर्णयहरु

## आ.व. २०७९/०८०

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी

शुक्रबार, आषाढ १०, २०७९

# बेनी नगरपालिकाको एघारौं नगरसभाका निर्णयहरु

मिति २०७९ असार १० गते

**निर्णयहरु**

१. बेनी नगरपालिकाका विगतका कार्यपालिकाहरुबाट भएका सबै निर्णयहरुको समीक्षा गरियो । चालु आ.व.को हालसम्म भएका सबै खर्चहरु अनुमोदन गर्ने र नगर कार्यपालिकाको निर्णय कार्यान्वयनमा सबैसँग समन्वय र सहकार्य गरी अघि बढ्ने ।

२. बेनी नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रममा सामान्य संशोधन सहित पारित गर्ने ।

३. बेनी नगर कार्यपालिका मार्फत पेश भएका आर्थिक विधेयक, २०७९ र विनियोजन विधेयक, २०७९ लाई पारित गर्ने निर्णय गरियो ।

४. राजश्व परामर्श समितिको निर्णयानुसार आगामी आर्थिक वर्षका लागि प्रस्तावित करका दरहरुको विश्लेषण समेतका आधारमा तयार पारिएको प्रतिवेदन बैठकमा छलफल भयो । राजश्व परामर्श समितिको उक्त निर्णय र प्रतिवेदन अनुमोदन गर्ने ।

५. स्रोत अनुमान समितिबाट तयार गरिएको वडागत तथा क्षेत्रगत बजेट सीमालाई अनुमोदन गर्ने र स्रोत अनुमान समितिको निर्णय कार्यान्वयन गर्नुका साथै सीमा भित्र रही तर्जुमा गरिएका अनुसूची १ बमोजिमका वडागत योजना तथा कार्यक्रमलाई अनुमोदन गर्ने ।

६. विभिन्न विषयगत समितिबाट तर्जुमा भएको अनुसूची २ बमोजिमका योजना तथा कार्यक्रम लाई अनुमोदन गर्ने ।

७. नेपालको संविधानको धारा २१७ को उपधारा (१) बमोजिम बेनी नगरपालिकाभित्रका विवाद निरुपणका लागि देहाय बमोजिमको एक न्यायिक समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| क. | ज्योती लामिछाने पौडेल, उपप्रमुख, बेनी नपा | संयोजक |
| ख. | रत्न बहादुर जि.सी, वडा सदस्य वडा नं ३ | सदस्य |
| ग. | जानकी शर्मा, वडा सदस्य, वडा नं १० | सदस्य |

८. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३२ बमोजिम बेनी नगरपालिकाको कार्यलाई व्यवस्थित गर्ने प्रयोजनका लागि देहाय बमोजिमको सदस्यहरु रहने गरी तपसिल बमोजिमको समिति गठन गर्ने ।

नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

दुर्गा के.सी. नगर प्रमुख

Beni Municipality Office of Municapal Executive Beni, Myagdi Gandaki Province, Nepal 2017

क. लेखा समिति

१. याम बहादुर बानियाँ, वडा सदस्य, वडा नं ८ — संयोजक
२. केन खत्री, वडा सदस्य, वडा नं ४ — सदस्य
३. शारदा वि.क, वडा सदस्य, वडा नं ९ — सदस्य

ख. विधायन समिति

१. गणेश शर्मा, वडा सदस्य, वडा नं ९ — संयोजक
२. रमेश फगामी, वडा सदस्य, वडा नं ७ — सदस्य
३. चन्द्रकान्त रिजाल, वडा सदस्य, वडा नं २ — सदस्य

ग. सुशासन समिति

१. सोहन श्रेष्ठ, वडा सदस्य, वडा नं ७ — संयोजक
२. दुर्गा कुमारी शर्मा, वडा सदस्य, वडा नं ५ — सदस्य
३. कृष्ण बहादुर कार्की, वडा सदस्य, वडा नं २ — सदस्य

९. विभिन्न सञ्चार माध्यमबाट बेनी नगरपालिकाको नामबाट प्रकाशित हुने सूचनामूलक सन्देशहरुको भुक्तानीका लागि अस्वभाविक ढंगले खर्च भै रहेको अवस्थामा सो खर्चलाई व्यवस्थित गर्न नगरपालिकाको नामबाट आफै सूचना प्रकाशन गरी भुक्तानीका लागि पेश हुने कागजात उपर कुनै कारवाही नगर्ने र स्थानीय पत्रिकामा प्रकाशित सूचनाहरु (जतिसुकै साइजको भएतापनि) मासिक एकवटाको मात्र रु १ हजार रुपैया दिने ।

१०. बेनी नगरपालिकाको फोहरमैला संकलन तथा व्यवस्थापन केन्द्र वडा नं ६ र ८ को सीमानामा रहेका कारण वर्षेनी उक्त जग्गा विवादित रहेको कारण उक्त विवाद समाधानका लागि नगरपालिकाको नेतृत्वमा मालपोत कार्यालय, नापी कार्यालय र आवश्यकता अनुसार जिल्ला प्रशासन कार्यालय एवं प्रहरी कार्यालयको समेत सहयोग लिई स्थलगत रुपमा नापीबाट जग्गा छुट्टाई विवाद समाधान गर्ने ।

११. बेनी नगरपालिका ६ नं वडा समितिको निर्णय बमोजिम हाल कायम रहेको वडा नं ६ को नक्शा नमिलेको र फिल्डमा रहेको वास्तविकभन्दा फरक रहेकोले नक्शा संशोधन गर्ने प्रयोजनका लागि वडा समितिको निर्णय समेत गराई आवश्यक संशोधनका लागि लेखी आएकोले सो सम्बन्धमा सम्बन्धित नापी कार्यालय समेतको समन्वयमा नक्शाको विषयमा यकिन गरी कार्यपालिकाबाट निर्णय गराई सम्बन्धित निकायमा नक्शा सच्याउन आवश्यक पहल गर्ने ।

१२. बेनी नगरपालिकाले आफ्नो आर्थिक विकास, पूर्वाधार विकास र समृद्धिका लागि मुलुकभित्र वा बाहिरका स्थानीय तहहरुसँग भगिनी सम्बन्ध कायम गराउनका लागि आवश्यक पहल गर्ने नीति बमोजिम छिमेकी

मित्रराष्ट्र चीन र जापानका स्थानीय तहरुसँग भगिनी सम्बन्ध कायम गराउनका लागि प्रकृया अघि बढाउने ।

१३. बेनी नगरपालिकाभित्र सञ्चालित विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार एवं विकास गर्न एवं सबै बालबालिकाहरुमा शिक्षाको सहज पहूँच सुनिश्चित गर्न बाल विकास केन्द्र नभएका विद्यालय तथा समुदायहरुमा बाल विकास केन्द्र सञ्चालन गर्ने गरी आवश्यक व्यवस्थापन गर्ने ।

१४. बेनी नगर कार्यपालिकाको कार्यालयबाट तयार पारिएको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन पारित गर्ने निर्णय गरियो । सँगठन तथा व्यवस्थापन सर्भेक्षणको क्रममा थप गरिएका पदहरुमध्ये नगरपालिकाको आन्तरिक आय, संगठनको कार्यबोझ एवं आवश्यकता समेतका आधारमा क्रमश: पदपूर्ति गर्ने गराउने ।

१५. बेनी नगरपालिकाभित्र शान्ति सुरक्षा र सुब्यवस्था कायम गराउने प्रयोजनका लागि नगरक्षेत्रभित्रका उपयुक्त र आवश्यक स्थानमा प्रहरी चौकी स्थापना गर्न गराउन आवश्यक पहल गर्ने ।

१६. बेनी नगरपालिका क्षेत्रभित्रका उपयुक्त स्थानहरुमा सार्वजनिक निजी साझेदारीका उपायहरु बमोजिम पर्यटकीय सम्भावना बोकेका क्षेत्र एवं स्थानहरुको विकास एवं संरक्षण गरी बेनीलाई पर्यटकीय गन्तब्य बनाउने प्रयोजनका लागि साहसिक पर्यटनका विभिन्न उपायहरु अवलम्बनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।

१७. नगरक्षेत्रभित्र स्थानीय यातायातका साधन प्रवर्द्धन गर्ने गरी आवश्यकता अनुसार विद्युतीय रिक्शा, ईरिक्सा तथा टेम्पो सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

१८. बेनी नगरपालिका अन्तर्गतका सार्वजनिक जग्गाहरु संरक्षण गर्ने दायित्व नगरपालिकाको रहेको र यस किसिमका जग्गाहरुको संरक्षण एवं उपयोगबाट नगरपालिकाको राजश्व वृद्धि गराउन सकिने अवस्था समेतलाई मध्यनजर गरी सम्पत्तिको हक हस्तान्तरण नहुने गरी तथा स्वामित्व नेपाल सरकारमा नै रहने गरी वार्षिक सम्झौता गरी नगरक्षेत्रभित्रका सार्वजनिक जग्गाहरु भाडामा लगाउने विषयमा विगतमा भएका निर्णयहरु अनुमोदन गरियो । बेनी नगरपालिकाको सम्झौता विपरीत गरिएका अतिक्रमण रोक्न आवश्यक पहल गर्ने ।

१९. बेनी नगरपालिकाको सुरक्षा व्यवस्था, ट्राफिक व्यवस्थापन, राजश्व बक्यौता असुली लगायतका अन्य विषयमा सहजीकरण गर्ने उद्देश्यका साथ नगरप्रहरीको सञ्चालन तथा व्यवस्थापन गर्ने गरी कार्यविधि बनाई कार्यान्वयन गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

सुरेत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

२०.कुनै पनि व्यक्तिले निजी जग्गामा रुख लगाउँदा अर्को व्यक्तिलाई असर नपुर्याउने गरी लगाउनु पर्ने देवानी संहिताको प्रावधान बमोजिम अरुलाई असर पुर्याउने गरी लगाइएका यस किसिमका रुखहरु कटान गर्नका लागि सम्बन्धित निकायमा समन्वय एवं सहजीकरण गर्ने र नागरिकलाई यस विषयमा थप सुसूचित गर्न नगर कार्यपालिकाले आवश्यक पहल गर्ने ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

## आर्थिक वर्ष २०७९/०८० को नगरसभाको एघारौं अधिवेशनमा सभाका अध्यक्षबाट प्रस्तुत भई पारित गरिएको नीति तथा कार्यक्रम

आदरणीय सभाका सदस्यज्यूहरु

१. बेनी नगरपालिकाको नगरसभाको एघारौं अधिवेशनमा उपस्थित सम्पूर्ण सभाका सदस्यज्यूहरुलाई म हार्दिक स्वागत गर्न चाहन्छु ।

२. नेपालको संविधान जारी भएपछि दोश्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ । यस दोश्रो ऐतिहासिक स्थानीय तहको निर्वाचनबाट नगरप्रमुखमा निर्वाचित गर्नुहुने र मर्यादित वातावरणमा निर्वाचन सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण मतदातालाई हार्दिक धन्यवाद दिन चाहन्छु । नागरिकको जनमतबाट निर्वाचित जनप्रतिनिधिको रुपमा यस गरिमामय सभामा सम्बोधन गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ । यस अवसरमा लोकतन्त्रको प्राप्ति र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनका लागि विभिन्न कालखण्डमा भएका दशवर्षे जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलन र राजनैतिक क्रान्ति एवं संघर्षलाई म स्मरण गर्न चाहान्छु । लोकतन्त्रको स्थापनार्थ ज्ञात अज्ञात शहिदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु । आज सम्म यस नगरपालिकाको विकास तथा समृद्धीमा आ-आफ्नो स्थानबाट अहम् भूमिका निर्वाह गर्ने पूर्व जनप्रतिनिधिहरु, समाजसेवी, वुद्धिजिविहरु, नगरपालिकाका कर्मचारीहरु, संवद्ध निकायहरु, विभिन्न संघ संस्थाहरु लगायत सम्पूर्ण नगरबासी महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

३. **"कृषि पर्यटन र पूर्वाधारः स्वच्छ समृद्ध बेनी नगरको मुल आधार"** भन्ने दीर्घकालीन सोच,पन्ध्रौ राष्ट्रिय योजना, प्रदेशको प्रथम पञ्चबर्षीय योजना, दिगो विकासका लक्ष्य, नगरको आवधिक योजना र मध्यमकालिन खर्च संरचना तथा राजनैतिक दलका घोषणापत्र र सरोकारवालाहरुको राय सुझावलाइ आधार बनाई नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

आदरणीय सभा सदस्यज्यूहरु

अब म आगामी आ.ब २०७९/०८० को क्षेत्रगत वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु । आगामी आ.व. मा लगानीमैत्री वातावरण निर्माण, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, पूर्वाधार निर्माण, खानेपानी तथा विघुतमा पहुँच, रोजगारी सिर्जना, मानव पुँजि निर्माण, आय असमानता तथा गरीबी न्यूनीकरण, दिगो विकास र पर्यावरणीय सन्तुलन, गुणस्तरीय सार्वजनिक सेवा, सङ्घीयताको प्रभावकारी कार्यान्वयन र सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखिनेछ ।

सुरत के.सी.
नगर प्रमुख

## क. आर्थिक विकास सम्बन्धी नीति

४. कृषियोग्य भूमिको पूर्ण उपयोग गरी सघन खेती प्रणालीका माध्यमबाट कृषि उत्पादन बढोत्तरी गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ । कृषि क्षेत्रको आधुनिकीकरण र विविधिकरण गर्दै व्यावसायीकरण गर्न प्राथमिकता दिई **"बेनी नगरपालिकाको प्रण: निर्वाहमुखी कृषिलाई व्यवसायमा रुपान्तरण"** भन्ने नारालाई साकार पार्न आवश्यक कार्यक्रम ल्याइनेछ ।

५. कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गरी कृषि उत्पादनमा बढावा दिइनेछ । नगरपालिकाभित्र उच्च सम्भावना रहेका व्यवसायिक तरकारी तथा फलफूल खेतीलाई प्रोत्साहन गरी **"तरकारी र फलफुलमा आत्मनिर्भर: विकसित र समृद्ध बेनी नगर"** भन्ने नारालाई साकार तुल्याउन विभिन्न कार्यक्रम ल्याइनेछ ।

६. **"एक घर एक करेसाबारी: पकेट क्षेत्रमा व्यवसायिक तरकारी"** भन्ने नाराका साथ तरकारी उत्पादनको प्रशस्त सम्भावना भएको वडा पहिचान गरी अर्गानिक तरकारी उत्पादनलाई प्रोत्साहित गरिनेछ ।

७. सुन्तला तथा टिमुरका लागि उच्च सम्भावना भएका वडाहरुमा व्यवसायिक हिसाबले उत्पादन बढाई आयमा वृद्धि गराउन विशेष प्रोत्साहन गरिनेछ ।

८. कृषिको उच्च सम्भावना भएका वडाहरु पहिचान गरी बिउ बैंकको स्थापना गर्दै जमीनको उत्पादकत्व र भूमिको प्रकारको आधारमा विभिन्न वडामा **"एक वडा एक उत्पादन"** को अवधारणालाई सघाउ पुर्याउने गरी कृषि पकेटका कार्यक्रमहरु सञ्चालन गरिनेछ । बेमौसमी तरकारी उत्पादनलाई प्रोत्साहन गरी बजारसँग आबद्ध गरिनेछ । कृषिमा सहुलियतपूर्ण ब्याजदरको सुविधा दिलाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

९. वर्षेनी विभिन्न किसिमका विपदजन्य घटनाहरुबाट कृषि उत्पादन तथा पशु बालीमा हुने गरेको क्षति न्यूनीकरण गरी कृषकलाई उचित क्षतिपूर्ति दिलाउन बाली बिमाको कार्यक्रम ल्याइने छ । कृषकलाई आवश्यक क्षतिपूर्ति र प्रोत्साहन गर्न बाली तथा पशु संरक्षण कोषको व्यस्था गरिनेछ ।

१०. बेनी नगरपालिकाभित्रका कृषकहरुको पहिचान एवं सूचीकरण गरी **कृषक परिचयपत्र** वितरण गर्न आवश्यक प्रबन्ध गरिनेछ ।

११. नगरक्षेत्रभित्रका कृषि उपजको भण्डारण गरी बजारीकरण र उचित व्यवस्थापन गर्न बेनी नगरपालिका वडा नं ४ सिङ्गामा कृषि उपज शीत भण्डार (Cold Store) निर्माण गरिनेछ ।

१२. पशुपालन गर्ने कृषकहरुलाई दिइदै आएको पशु बिमाको अनुदानलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ । नश्ल सुधार, पशु सुरक्षा एवं प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी दुग्ध, मासु र अन्डाको उत्पादन तथा बजारीकरणको सुलभ व्यवस्था मिलाइनेछ ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७४

१३. नगरक्षेत्रभित्र रहेका कृषि तथा पशुपालक कृषकहरुलाई मागका आधारमा आवश्यक पर्ने सीप तथा क्षमता विकास गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१४. नगरपालिकाभित्र रहेका छाडा पशु चौपायाहरुको व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।

१५. नागरिकहरुलाई कृषि सम्बन्धी परामर्श र कृषि बालीको संरक्षण एवं विकासका लागि सबै वडाहरुमा प्राविधिक रहने गरी "एक वडा एक प्राविधिक" को अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

१६. नगरमा रहेका पर्यटकीय क्षेत्रहरुको पूर्वाधार विकास तथा प्रवर्द्धन र सञ्जालीकरण मार्फत् पर्यटकीय गन्तव्यहरुको पहिचान गर्दै पर्यटनलाई व्यवसायको रुपमा विकास गरिनेछ। रावणपार्क निर्माणलाइ पूर्णता दिइने छ । नगर क्षेत्रमा रहेका धार्मिक क्षेत्र (गलेश्वरधाम, पुलाश्रम, जगन्नाथ मन्दिर, कपिलाश्रम, स्वर्गाश्रम, ज्यामरुककोट, बेनीकोट भण्डार, गुफाराम मन्दिर, शिवालय मन्दिर जस्ता धार्मिक र साँस्कृतिक सम्पदाहरु) को विकास संरक्षण र प्रचार प्रसार गरी उक्त क्षेत्रलाई धार्मिक पर्यटकीय सर्किटको रुपमा विकास गर्न प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गरिनेछ।

१७. नगरक्षेत्रभित्रका सहकारी संस्थाहरुको अनुमती, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ । नगरभित्रका सहकारीहरुको प्रतिवेदन प्रणालीलाई सबलीकरण गर्दै मासिक रुपमा विवरण बुझाउनुपर्ने व्यवस्था गरिनेछ ।

१८. नगरक्षेत्रमा संचालित सबै सहकारीलाइ सहकारी व्यवस्थापन सूचना प्रणाली (CoPoMIS) मा आबद्ध गरिने छ ।सहकारी संस्थालाइ आवश्यक नियमन र अनुगमन गरी नगरबासीको सीप, पुँजि र प्रविधिलाइ सहकारी मार्फत संचालनमा ल्याइने छ ।

१९. नगरपालिकाले विद्युतीय सवारी साधनको प्रयोग बढाउने कार्ययोजना बनाइनेछ । बेनीमा चार्जिङ स्टेशन स्थापना गर्न सङ्घ प्रदेश तथा निजी क्षेत्रसँग समन्वय गरिनेछ ।

२०. पालिकाभित्र उद्योग पर्यटन तथा सेवा क्षेत्रमा सम्भाव्य लगानीको परियोजना पहिचान गरी लगानीका लागि विस्तृत प्रस्ताव सहित निजी क्षेत्रलाई आमन्त्रण गरिनेछ । लगानीकै लागि विदेशमा रहेका म्याग्देलीहरुसँग समेत सहकार्य गरिनेछ ।

२१. बेनी नगरपालिकालाई पर्यटकको गन्तब्य बनाउने उद्देश्यका साथ धार्मिक तीर्थाटनमा आउने पर्यटकहरुलाई कम्तिमा एकदिन बेनी बास बस्न उत्प्रेरित गर्ने गरी बेनी पुलाश्रम, बेनी लभ्लीहिल केबुलकार तथा जिपलाईन सञ्चालन गर्ने विषयमा सम्भाव्यता अध्ययन गरी सार्वजनिक नीजि साझेदारीमा निर्माण तथा सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

२२. तातोपानीको प्राकृतिक चिकित्सालयलाई व्यापक प्रचार प्रसार गरी पर्यटक आकर्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

सुरत के.सी.
नगर प्रमुख

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

२३. बेनी नगरको वास्तविकता झल्किने गरी सांस्कृतिक संग्रहालयको स्थापनाका लागि आवश्यक कार्य गरिनेछ ।

२४. वैदेशिक रोजगारबाट फर्किएका तथा बेरोजगार युवाहरुलाई कृषि तथा पशुपालनमा प्रोत्साहन गरी उत्पादनमा युवाको संलग्नता र नेतृत्व अभिवृद्धि गर्न "उत्पादनमा युवा प्रोत्साहन" कार्यका लागि आवश्यक व्यवस्था गरिनेछ ।

२५. कुनै व्यक्तिको निजी जग्गामा लगाइएका रुखबाट अन्य कुनै व्यक्तिलाई असर पुर्याउने वा विपद निम्त्याउने अवस्था देखिएमा त्यस्ता रुखहरु कटान गर्न पाउने गरी आवश्यक समन्वय एवं सहकार्य गरिनेछ ।

२६. बेनी नगरपालिकाभित्र रहेका ऐतिहासिक एवं धार्मिक मठमन्दिरलाई नगरपालिकाको स्वामित्वमा राख्ने व्यवस्था मिलाई त्यस्ता सम्पदाहरुको संरक्षण एवं विकासका लागि विशेष व्यवस्था गरिनेछ ।

२७. बेनी नगरपालिकाभित्रका पर्यटकीय सम्भावना भएका वडाहरुमा होमस्टे सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

**ख. सामाजिक विकास सम्बन्धी नीतिहरु**

२८. बेनी नगरवासीहरुलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच सुनिश्चित गर्न र नागरिकलाई स्वास्थ्य सेवाको अनुभुत गराउन ७० वर्ष माथीका नागरिकहरुको स्वास्थ्य अवस्था बारे जानकारी लिई उचित मनोसामाजिक परामर्श प्रदान गर्न **"घरघरमा स्वास्थ्यकर्मी"** अभियान सञ्चालन गरिनेछ ।

२९. नसर्ने रोगको समयमै पहिचान हुन नसक्दा बर्षेनी कैयौं मानिसहरुको मृत्यु हुने गरेको तथ्यलाई आत्मसात गर्दै हरेक महिनाको पन्ध्र गते **"नसर्ने रोगको निशुल्क परीक्षण"** नियमित रुपमा सबै स्वास्थ्य चौकीहरुमा गरिनेछ । यसका अतिरिक्त सबै स्वास्थ्य चौकीहरुमा स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर लगायत प्रजनन अङ्गको क्यान्सरको स्क्रिनिङ जाँच (VIA) निशुल्क गरिनेछ ।

३०. स्वास्थ्य बिमा कार्यक्रममा सबैको सहज पहुँच सुनिश्चित गरी स्वास्थ्य बिमालाई थप प्रभावकारी बनाइनेछ । साथै बेनी नगरपालिका भित्रका आर्थिक सामाजिक हिसाबले पछि परेका विपन्न नागरिकहरुको परिवारलाई निशुल्क स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गरिनेछ ।

३१. **बेनी नगरपालिकाको प्रतिबद्धता : मर्यादित्त महिनावारी र स्वच्छता** अन्तर्गत किशोरीहरुको स्वास्थ्य सुरक्षाका लागि नगरपालिका भित्रका सबै विद्यालयहरुमा निशुल्क स्यानिटरी प्याड वितरण र विसर्जनको समेत उचित प्रबन्ध दिलाउन प्रोत्साहन गरिनेछ ।

सुरत के.सी.
नगर प्रमुख

३२. गर्भवती महिला बालबालिका तथा किशोरकिशोरीको पोषणस्थितिमा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई विभिन्न सरोकारवाला संस्थाहरु समेतसँगको सहकार्यमा बेनी नगरपालिकाभित्रका कार्यक्रमहरुमा मूलप्रवाहीकरण गरिनेछ ।

३३. **"बेनी नगरवासीको इच्छाः गुणस्तरीय र सीपयुक्त शिक्षा"** को अवधारणा अनुसार बेनी नगरपालिका भित्रका विभिंन्न सामुदायिक विद्यालयहरुमा प्रविधिमैत्री शिक्षण सिकाईको माध्यमबाट सीपयुक्त मानव संशाधनको उत्पादन एवं विकास गरी मानव पुँजिलाई श्रमसँग, श्रमलाई उत्पादनसँग, उत्पादनलाई रोजगारीसँग, रोजगारीलाई आय आर्जनसँग र आयआर्जनलाई समृद्धिसँग जोड्न विशेष पहल गरिनेछ । लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच र सिकाई सहभागिता अभिवृद्धि गरिनेछ ।

३४. सामुदायिक विद्यालयका शिक्षकहरुको क्षमता विकास गर्दै आधुनिक शिक्षा प्रणालीप्रति अभ्यस्त बनाउन विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । गुणस्तरीय शिक्षाका लागि विद्यालयमा प्रधानाध्यापक र विषयगत शिक्षकका बीचमा सूचकसहित कार्यसम्पादन करार गरिनेछ । चौमासिक रुपमा सो सूचक सहितको कार्यप्रगति नगरपालिकामा पेश गर्नुपर्ने व्यवस्था मिलाइनेछ । कार्यसम्पादनमा उत्कृष्ट ठहरिने एक महिला र एक पुरुष शिक्षकलाई पुरस्कृत गरिनेछ ।

३५. सामुदायिक विद्यालयहरुको नियमित निरीक्षण एवं अनुगमन कार्यलाई प्रभावकारी बनाउन नतिजामुखी अनुगमन प्रणालीको खाका तयार गरी Tracking System लागू गरिनेछ । नगरभित्रका सम्पूर्ण विद्यालयहरुले वार्षिक योजना निर्माण गरी नगरमा स्वीकृतिका लागि पेश गर्ने र सोही योजनाको मूल्याङ्कनका आधारमा अनुदान, प्रोत्साहन र कार्यक्रम वितरण गरिनेछ ।

३६. नगरपालिकाभित्रका विभिन्न सामुदायिक विद्यालयको भौतिक संरचना सुधार गर्नुका साथै कमजोर भौतिक पूर्वाधार भएका विद्यालयको पूर्वाधार निर्माणको कार्यलाई प्राथमिकतामा राखिनेछ ।

३७. **"सामुदायिक विद्यालयको गुणस्तरमा सुधारः बालबालिकाको सुनौलो भविष्यको आधार"** भन्ने कुरालाई मनन गर्दै हाल विद्यमान सामुदायिक र संस्थागत विद्यालयबीचको भिन्न शैक्षिक गुणस्तरको अन्त्य गरी सिकाई आदानप्रदान मार्फत क्षमता विकास तथा सिकाई पद्धतिमा सामञ्जस्यता ल्याउन समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।

३८. हाल केही विद्यालयमा दरबन्दी बढी र विद्यार्थीसँख्या कम हुने र केहीमा विद्यार्थी संख्या बढी र दरबन्दी कम हुने अवस्थाको अन्त्य गरी गुणस्तरीय एवं प्रभावकारी शिक्षण सिकाईका लागि भौगोलिक अवस्थिति, विद्यार्थी संख्या, विद्यालयसम्मको पहुँच र आवश्यकता समेतलाई आधार बनाई विद्यालयहरुलाई एकआपसमा गाभ्न पहल गरिनेछ ।

सुरत के.सी.
नगर प्रमुख

३९. विद्यालय जाने उमेर नपुगेका बालबालिकाहरुलाई शिक्षामा पहुँच दिलाउन प्रारम्भिक बाल विकास केन्द्र नभएका विद्यालयहरुमा उचित बसाई व्यवस्था, पर्याप्त सिकाई सामाग्रीको उपलब्धता र मनोरञ्जनात्मक सिकाई वातावरणको व्यवस्था सहितको बाल विकास केन्द्र स्थापना गरिनेछ ।

४०. बेनी नगरपालिकालाई बालमैत्री नगरपालिका घोषित गर्नका लागि आवश्यकता अनुसार सङ्घीय तथा प्रदेश सरकारसँगको समन्वयमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

४१. महिला सशक्तीकरण मार्फत् हरेक क्षेत्रमा महिलाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक मूलप्रवाहीकरण तथा सारभूत लैङ्गिक समानता कायम गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।

४२. लैङ्गिक हिंसा बिरुद्ध शून्य सहनशीलताको नीति लिई लैङ्गिक हिंसा, बाल बिवाह, तथा सामाजिक कुरीति लैङ्गिक तथा यौनिक अल्पसंख्यक समेतको लागि सचेतना, क्षमता विंकास तथा मूलप्रवाहीकरणजस्ता अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. **"आमा समूहसँग उपमेयर"** कार्यक्रम मार्फत नगरपालिकाभित्रका विभिन्न महिला तथा आमासमूहको क्षमता विकास तथा आर्थिक सशक्तिकरणका लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. **सार्वजनिक निकायमा महिलाको संख्या वृद्धि: दिगो विकासका साथै समतामूलक समृद्धि** नाराका साथ विद्यालय तहको शिक्षा उत्तिर्ण गरेका महिलालाई लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।

४५. हिंसा प्रभावित बालबालिका र महिलाहरुकालागि अल्पकालिन सेवाकेन्द्र मार्फत उद्धार र पुनस्थापनाको कार्यलाई व्यवस्थित बनाइने छ।

४६. बाल अधिकारको सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ । जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार तथा संरक्षण, हक अधिकारको सुनिश्चितताको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४७. बालबालिकाको खेलकुद एवं स्वास्थ्य अवस्था समेतलाई मध्यनजर गरी सम्भाब्य स्थल पहिचान गरी **"बाल उद्यान"** निर्माणको कार्य गरिनेछ ।

४८. ज्येष्ठ नागरिकहरुको अधिकारको संरक्षण एवं सशक्तिकरणका लागि ज्येष्ठ नागरिक सम्मान एवं ज्येष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

४९. अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, प्रवर्द्धन तथा सशक्तीकरणका लागि आवश्यक र उपयोगी कार्यक्रम सञ्चालन गरिनेछ ।

५०. बेनी नगरपालिका भित्रका विपन्न नागरिकहरुको पहिचान र अभिलेखीकरण गरी विपन्न परिचयपत्र वितरण गर्ने विषयमा थप अध्ययन गरा आवश्यक कार्य अघि बढाइनेछ ।

सुरत के.सी.
नगर प्रमुख

५१. वैदेशिक रोजगारबाट फिर्ता भई स्वदेशमा कुनै पेशा वा व्यवसाय गर्न चाहने युवाहरुलाई प्रोत्साहित गरी सुलभ कर्जाका लागि वित्तिय संस्थासँग आवश्यक समन्वय गरिनेछ ।

५२. आधारभूत खानेपानी सेवाबाट वञ्चित नगरवासीहरुलाई खानेपानीको पहुँच पुर्याउन विशेष जोड दिइनेछ । नगरपालिकाको स्रोतबाट सम्पन्न हुन नसक्ने ठुला खानेपानी आयोजनाहरु सङ्घीय तथा प्रदेश सरकारसँगको सहकार्यमा गरिनेछ ।

५३. श्रमिकले गर्ने काम सीप र दक्षताको अद्यावधिक अभिलेख राखी रोजगारदाता र श्रमिक बीचको सुमधुर सम्बन्ध स्थापित गर्ने उद्देश्यका साथ श्रम डेस्क स्थापना गरी कार्यान्वयन गरिनेछ ।

५४. बेनी नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययन गरी उत्कृष्ट नतिजा ल्याउने दलित छात्र छात्रालाई प्रोत्साहनस्वरुप छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

५५. सबै जातजातीबीच समान व्यवहार, जातीय सहिष्णुता एवं भाईचारा कायम गराई जातीय विभेदमुक्त बेनी नगर बनाइनेछ ।

## ग. पूर्वाधार विकास सम्बन्धी नीति

५६. **"अबको ५ वर्ष पूर्वाधार विकास र निर्माणको वर्ष"**को रुपमा लिई भौतिक पूर्वाधारको आवश्यकता र सम्भावना बमोजिमका कार्यालय, विद्यालय र सामुदायिक भवन, सडक, Land Fill Site, खेलकुद मैदान लगायतका पूर्वाधार विकासका कार्यलाई प्राथमिकताका साथ अघि बढाईनेछ ।

५७. बेनी नगरपालिका र वडाको केन्द्रसम्म जोड्ने बाटोलाई कम्तिमा बाह्रै महिना चल्न सक्ने गरी All Weather Road का रुपमा विकास गरिनेछ ।

५८. बेनी नगरपालिका क्षेत्रभित्र अब नयाँ निर्माण हुने र साबिकमा खोलिएका सडकहरुको मर्मत सम्भार र स्तरोन्नति गर्दा वातावरणीय प्रभावलाई न्यूनीकरण गर्ने उपायहरुको अवलम्बन गरिनेछ । सडक निर्माणका क्रममा हुने वातावरणीय क्षति न्यूनीकरण गर्न सडक किनारमा अम्रिशो वा भूक्षय रोक्ने विरुवा रोप्नुपर्ने व्यवस्था मिलाइनेछ । नगरपालिकाको भूबनोट अध्ययन एवं संरक्षणका लागि आवश्यकता अनुसार बायो इन्जिनियरिङ अध्ययन गराई पूर्वाधार निर्माणको कार्य गर्न प्रोत्साहन गरिनेछ ।

५९. कालीगण्डकी कोरिडोर अन्तर्गतको बेनी गलेश्वर सडकलाई संरक्षण एवं सुचारु गर्न आवश्यक पहल गरिनेछ ।

६०. बेनी पाखापानी सडक, बेनी रङ्गशाला (खुल्लामञ्च) निर्माण, बेनी भकिम्लि सडक, बेनी ज्यामरुककोट सडक, बेनी अर्थुङ्गे पुलाचौर डडुवा सडक, महारानीस्थान-छापा डाँडाखेत सडक, गलेश्वर काउलेगौडा

सुरत के.सी.
नगर प्रमुख

गिठिनि पात्लेखेत सडक, बेनी अस्पताल चोकदेखि महारानीस्थानसम्मको बहुउद्देश्यीय पदमार्ग तथा अग्नि रेखालाइ गौरबका योजनाको रुपमा अगाडि बढाइने छ ।

६१. समृद्ध बेनी नगर निर्माणका लागि नगरका गौरबका आयोजनाहरुलाई प्राथमिकतामा राखीबजेटको व्यवस्था गरिनेछ।

६२. नगर भित्र रहेका रणनीतिक सडकहरु क्रमश: कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। पक्की सडक निर्माण गर्नका लागि डि.पि.आर. तयार नभएका सडकको डि.पि.आर. तयार गरिनेछ। तातोपानि बजारक्षेत्रको बाटोलाइ पिच गरिने छ। अव्यबस्थित घर टहरा हटाइने छ भने नालि सहितको बाटो निर्माणमा जोड दिइने छ । प्रधानमन्त्रि रोजगार कार्यक्रमलाइ कुवा, पोखरी ,चौपारि संरक्षण ,पदमार्ग निर्माण र कृषि सडक मर्मत तथा सोलिङमा जोड दिइने छ भने नगरक्षेत्रभित्रका बेरोजगार व्यक्तिलाइ कम्तिमा १०० दिनको रोजगार कार्यक्रममा जोडिने छ ।

६३. नगरपालिकाको आर्थिक तथा प्राविधिक क्षमताका कारण नगरपालिकास्तरबाट सम्पन्न गर्न नसकिने ठुला खालका आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) सहितको योजना बैंक तयार गरी आवश्यकता अनुसार केन्द्रीय तथा प्रदेश सरकारसँग बजेट माग गरी सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ ।

६४. बेनी नगरपालिकाभित्रका विभिन्न पूर्वाधार निर्माणको कार्य सम्पन्न भैसक्दा उक्त संरचना बिग्रिने भत्किने अवस्थालाई मध्यनजर गर्दै मर्मतको कार्यमा नगरपालिकाको ठुलो धनराशी खर्च हुने गरेको तथ्यलाई अन्त्य गर्न पूर्वाधार निर्माणका कार्यबाट निश्चित समयसम्म हुने क्षतिको मर्मतका लागि केही प्रतिशत रकम कट्टा गरी कोषमा राख्न आवश्यक व्यवस्था मिलाइनेछ ।

६५. बेनी नगरपालिकाभित्र रहेका विद्युत प्रसारण लाइनका खुला तारहरुलाई एबिसी केबलले प्रतिस्थापन गरिनेछ ।

६६. बेनी बजारको सौन्दर्यता वृद्धि गरी मौलिक शहरका रुपमा विकास गर्न बजारक्षेत्रभित्र ढुङ्गा छपाउने कार्यलाई प्रोत्साहित गरिनेछ ।

६७. बेनी बजार तथा कालीपूल मंगलघाटबजार जोड्ने नदी किनारको सडकलाई नमूना सडकका रुपमा विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

**घ. वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति**

६८. नगरपालिकाभित्र पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखी कार्यक्रम अघि बढाइनेछ ।

सुरत के.सी.
नगर प्रमुख

६९. बेनी नगरपालिकाभित्र रहेका सार्वजनिक पोखरी तालतलैया र चौताराहरुको मर्मत तथा जीर्णोद्धार गर्ने कार्य अघि बढाइनेछ ।

७०. विपदबाट उत्पन्न असहज परिस्थितिको तत्काल सम्बोधन गर्न नगरस्तरीय द्रुत प्रतिकार्य टोली (Quick Response Team) को गठन गरी परिचालन गरिनेछ ।

७१. बेनी नगरपालिका विपदजन्य जोखिमका हिसाबले अघि रहेको र वर्षेनी विपदबाट ठुलो जनधनको क्षति हुने गरेको अवस्थालाई मध्यनजर गर्दै मनसुन अवधिभर (असार देखि असोजसम्म) का लागि विपदजन्य पहिरो पन्छाउने कार्यका लागि ठुला उपकरण भाडामा लिई विपद व्यवस्थापनका लागि पूर्वतयारी गरिनेछ ।

७२. विपदबाट हुने क्षति बापतको राहत र पुनर्स्थापना कार्यमा सघाउ पुर्याउने गरी स्थापना गरिएको विपद व्यवस्थापन कोषको परिचालनलाई थप व्यवस्थित गरिनेछ ।

७३. बेनी नगरपालिकाभित्र देखिने विभिन्न विपदजन्य घटनाहरुको सम्भावित क्षति न्यूनीकरण गरी उद्धार, राहत र पुनर्स्थापनाको कार्यका लागि **"विपदमा मेयर"** कार्यक्रम सञ्चालन गरी विपद व्यवस्थापनको कार्यका लागि आवश्यक स्रोत जुटाईनेछ र नागरिकले अनुभूत गर्ने गरी छरितो माध्यमबाट राहत उपलब्ध गराईनेछ ।

७४. हाल सञ्चालित सुरक्षित नागरिक आवास कार्यक्रम र मनसुन प्रभावितका लागि निजी आवास पुनर्निर्माण कार्यक्रमलाई थप व्यवस्थित गरी नागरिकले समयमै राहत पाउने कुराको सुनिश्चित गरिनेछ ।

७५. सबै प्रकारका विपदको रोकथाम तथा न्यूनीकरणका लागि पूर्वतयारी, प्रतिकार्य र पुनलाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिनेछ ।

७६. आगलागीबाट हुने क्षतिलाई कम गर्न वारुणयन्त्र सञ्चालनको कार्यलाई थप व्यवस्थित गरिनेछ ।

७७. फोहरमैला संकलन तथा प्रशोधनको कार्यलाई थप व्यवस्थित गर्न फोहरमैला विसर्जनका लागि उपयुक्त स्थल पहिचान गरी ल्यान्डफिल साइट निर्माणको कार्यलाई अघि बढाइनेछ ।

**ङ. संस्थागत विकास तथा सुशासन सम्बन्धी नीतिहरु :**

७८. नगरपालिकाको कामलाई व्यवस्थित गर्ने र सेवा प्रवाहलाई सहजीकरण गर्ने उद्देश्यका साथ नगरपालिकालाई आवश्यक पर्ने नगरप्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

७९. निर्वाचित पदाधिकारी, कर्मचारी र उपभोक्ता समितिमा रहेका पदाधिकारीहरुले सम्पादन गर्ने कार्यका आधारमा आवश्यक सीप, क्षमता र दक्षता वृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

सुरत के.सी.
नगर प्रमुख

८०. नगरपालिकास्तरबाट सम्पादन भएका कार्यहरुको सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता कार्यहरु सञ्चालन गरी नगरपालिकाको सेवालाई नगरवासीप्रति उत्तरदायी तुल्याइनेछ ।

८१. न्यायिक समितिको कार्यलाई व्यवस्थित गरी दुवै पक्षहरुलाई जित जितको अवस्थामा पुर्याउन वडास्तरबाट मेलमिलाप गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ । यसका लागि वडास्तरमा मेलमिलाप केन्द्र स्थापना गरिनुका साथै मेलमिलापकर्ता सूचिकृत गर्ने कार्यलाई अघि बढाइनेछ ।

८२. नगरपालिकाले छनौट गरेका तालिम तथा क्षमता विकासका कार्यक्रमहरु उपलब्ध भएसम्म नगरपालिकाकै सभाहलमा सञ्चालन गरिनेछ ।

८३. बेनी नगरपालिकाबाट तोकिए बमोजिमका करहरु नियमित हिसाबले बुझाउन करदातालाई प्रोत्साहित गरिनेछ । उत्कृष्ट करदातालाई सम्मान गर्ने प्रणाली स्थापित गरिनेछ । नगरपालिकाबाट लिइने करहरु सेवाग्राहीले घरै बसी तिर्न सक्ने खालको प्रविधि जडान गरिनेछ ।

८४. बेनी नगरभित्रको बजारलाई व्यवस्थित गराउन सबै नगरवासीहरुलाई सरसफाई गर्न प्रोत्साहित गरिनेछ एवं **"व्यवस्थित एवं सफा शहर : हरित र स्वच्छ बेनी नगर"** भन्ने अवधारणालाई मनन गर्दै बेनी बजारलाई सफा, स्वच्छ र हरित शहर बनाउन नगरवासी एवं निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

८५. बेनी नगरपालिकालाई सेवाग्राही मैत्री बनाउन डिजिटल सूचना पाटी, नागरिक बडापत्रका अतिरिक्त सोधपुछ तथा नागरिक सहायता कक्ष स्थापना गरी सञ्चालन गरिनेछ । नागरिक सेवाका लागि नगरपालिका धाउनुपर्ने अवस्थाको क्रमश: अन्त्य गर्ने गरी Paperless Governance and Faceless Service को अभ्यास मार्फत E-Governance लाई बढावा दिइनेछ ।

८६. करदाताहरुले आर्थिक वर्ष शुरु भएको तिन महिनाभित्रै नगरपालिकालाई तिर्नु बुझाउनुपर्ने सबै कर तिरेमा कुल करमा १० प्रतिशत छुट दिने कार्यलाई निरन्तरता दिनुका साथै वर्षेनी २५ हजारभन्दा बढी करतिर्ने व्यापारिक तथा व्यक्तिगत करदातालाई सो आर्थिक वर्षको फोहरमैला शुल्क मिन्हा गरिनेछ ।

८७. नगरपालिकाभित्रको आर्थिक क्षमता बढाउन तथा प्रशासनिक खर्च घटाउन आवश्यक पहल गरिनेछ । नगरक्षेत्रभित्र लागु गराउन सकिने सम्भावित करका क्षेत्रहरु पहिचान गरी करको दायरा विस्तार गरिनेछ ।

८८. नगरपालिकाभित्रका सार्वजनिक जग्गाको संरक्षण र उचित प्रयोग गर्ने व्यवस्था गराई सार्वजनिक जग्गा अतिक्रमण गर्ने व्यक्ति वा समूहलाई कारवाहीको दायरामा ल्याइनेछ ।

सुरत के.सी.
नगर प्रमुख

८९. नगरपालिकाभित्रका सबै नागरिकहरुको तथ्याङ्कलाई डिजिटलाइज्ड गरी सेवा प्रवाहलाई तथ्याङ्कसँग आबद्ध गरिनेछ ।

९०. योजना अनुगमन प्रणालीलाई थप व्यवस्थित गरिनेछ । योजनाको अन्त्यमा मात्र हुने गरेको योजना अनुगमनको कार्यलाई चरणबद्ध हिसाबले सञ्चालन गरिनेछ ।

९१. विकास कार्यको कार्यान्वयन हरेक आर्थिक वर्षको मसान्तमा हुने परिपाटीले योजना तथा कार्यक्रममा गरिएको लगानीमा प्रभावकारिता नदेखिएको र हरेक वर्ष बजेट मात्र खर्च हुने र सोको प्रतिफल प्राप्त नहुने कार्यलाई पूर्ण रुपमा निरुत्साहित गर्दै आर्थिक वर्षको अन्त्यमा निकासा वा खर्च गर्ने प्रकृयालाई अन्त्य गरिनेछ ।

९२. कार्यरत कर्मचारीहरुको उत्प्रेरणा र मनोबल वृद्धि गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन र पुरस्कार प्रणाली अवलम्बन गरिनेछ ।

९३. बेनी नगरपालिकाको पूर्वाधार विकास, प्रविधि विस्तार, कर्मचारीको दक्षता वृद्धि समेतमा सकारात्मक योगदान पुर्याउने गरी विश्वभरका विकसित राष्ट्रका विभिन्न शहरहरुसँग मित्रवत तथा भगिनी सम्बन्ध स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

९४. नगरपालिकाको कार्यलाई थप सहज र व्यवस्थित बनाउन आवश्यक कानून एवं कार्यविधि निर्माण गरिनेछ ।

९५. वित्तिय संस्थाहरुले निर्वाह गर्नुपर्ने अनिवार्य दायित्वलाई नगरपालिकाको सेवा समेतसँग आबद्ध गराउन प्रोत्साहित गरिनेछ । कृषक तथा उद्यमीहरुलाई सुलभ कर्जा प्रवाहका लागि वित्तिय संस्थाहरुसँग समन्वय गरिनेछ ।

अन्त्यमा,

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुर्याउनुहुने सम्पूर्ण नगर सभा सदस्यज्यूहरु, सबै राजनैतिक दलहरु, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, देश विदेशमा रहेका बेनी नगरवासीहरु एवं सरोकारवाला सबै संघसंस्थालाई हार्दिक आभार व्यक्त गर्दै बेनी नगरपालिकाको नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्नका लागि सहयोग गर्नुहुने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।।

सुरत के.सी.
नगर प्रमुख